पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ११ गते आइतबार ❑ 23 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## योगले शारीरिक तथा मानसिक रूपमा स्वस्थ बनाउँछ: सभामुख घिमिरे

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

सभामुख देवराज घिमिरेले योगले शारीरिक तथा मानसिक रूपमा शरीरलाई चुस्तदुरुस्त र स्वस्थ राख्ने बताउनुभएको छ।

जीवन विज्ञान फाउन्डेशनद्वारा शनिबारदेखि पोखरामा आयोजित एकहप्ते योग शिविरको उद्घाटन गर्दै उहाँले आत्मानुशासनका लागि योग महत्वपूर्ण मानिएको बताउनुभयो । पछिल्लो समय सरकारले योग, ध्यान र साधनालाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेको बताउँदै सभामुख घिमिरेले योग र ध्यानलाई वैज्ञानिक पद्धतिका रूपमा लिने गरिएको उल्लेख गर्नुभयो । उहाँले मानिस सुखी र खुसी रहन योग र ध्यान प्रभावकारी हुने धारणा राख्नुभयो । नेपाललाई आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिने बताउँदै उहाँले यस्ता साधनाले नेपाललाई शान्ति क्षेत्रका रूपमा समेत विकास गर्ने उहाँको भनाइ छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालको पर्यटकीय राजधानी पोखरा र गण्डकी प्रदेशलाई 'वेलनेस' टुरिजमको हवको रुपमा बिकास गर्नुपर्ने बताएका छन् । 'पोखरा र सिङ्गो गण्डकी प्रदेश पर्यावरणीय हिसाबले 'वेलनेस' टुरिजमको संभावना बोकेको ठाउँ हो' । उनले भने 'प्रदेश भित्र 'वेलनेस' टुरिजमको बिकासकालागि प्रदेश सरकारले आफ्ना नीति कार्यक्रम र बजेटमा अझै प्राथमिकता दिनेछ ।'



यस वर्षपनि गण्डकी प्रदेश सरकारले आफ्नो नीति कार्यक्रम र बजेटमा स्वास्थ्य जिवनशैली अपनाउन योग तथा ध्यान कार्यक्रम समावेश गरेको छ । घरघरमा स्वजागरण गराउने लक्ष्य सहित स्थानीय तहसँगको सहकार्यमा सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्रालय मार्फत कार्यक्रम कार्यन्वयनको चरणमा रहेको मुख्यमन्त्री पाण्डेले बताए। धार्मिक सम्पदा, ऐतिहासिक स्थलहरु, हिमाल, तालहरु, शाहसीक खेलको ठूलो संभावना रहेको गण्डकी प्रदेशलाई योग ध्यानको केन्द्रको रुपमा बिकास गर्न स्थानीय, प्रदेश र संघ सरकार बीच सहकार्य आवश्यक पर्ने उनले बताए ।

'हरेक नागरिकको शारीरिक, मानसिक र आत्मिक सन्तुलन कायम राख्न सहयोग गर्नु सरकारको पनि दायित्व हो' उनले भने 'सबैको सहकार्यले स्वजागरण अभियान हरेक नागरिकलाई उर्जा जगाउने एउटा माध्याम बन्नेछ ।' गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले योग र साधनाले मानिसका कतिपय रोगहरू निको हुने र मानसिक अवस्था सबल हुने बताउँदै यस्ता योग र ध्यानलाई सरकारले प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

सरकारका मुख्य सचिव एकनारायण अर्यालले योग र ध्यानबाट मानिसको स्वास्थ्यमा सुधार ल्याउन सकिने बताउँदै सरकारले योग र ध्यानलाई पछिल्लो समय महत्व दिएर अगाडि बढेको बताउनुभयो । गौतम बुद्धले योग र साधनाबाट आफ्नो प्रभाव विश्वमा फैलाए जसरी नै योग र साधनाबाट नेपाललाई चिनाउन सकिने उहाँले विचार व्यक्त गर्नुभयो । प्रदेशका सामाजिक विकास तथा युवामन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारले पनि योग र ध्यान केन्द्रलाई प्राथमिकता दिँदै आएको बताउनुभयो । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धिताल, राप्रपा नेपालका केन्द्रीय उपाध्यक्ष हेमजङ्ग गुरुङलगायतले आ–आफ्नो भनाइ राख्नुभएको थियो ।

## संविधान कार्यान्वयनलाई सहज बनाउन संशोधन गर्नुपर्छः नेता कोइराला

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

नेपाली कांग्रेसका नेता शशाङ्क कोइरालाले राज्य सञ्चालन गर्ने क्रममा संविधान कार्यान्वयनलाई सहज बनाउन सहमतिका आधारमा संशोधन गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस पेसागत तथा बुद्धिजीवी विभाग र नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा आज पोखरामा आयोजित 'संविधान संशोधनः आवश्यकता र चुनौती' विषयक गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले संविधान कार्यान्वयनमा अप्ठ्यारो अवस्था आएमा सहमतिका आधारमा संशोधन गरेर बाधा फुकाउनुपर्ने बताउनुभयो ।




नेता कोइरालाले संविधान जारी भएको नौ वर्ष बितिसकेको र समय अनुकूल संशोधन गर्दै जानुपर्ने धारणा राख्नुभयो। सङ्घीयता विकेन्द्रीकृत शासन व्यवस्था भएको भन्दै सङ्घीयता लागू भएको नौ वर्ष बितिसक्दा पनि केन्द्रीकृत शासन व्यवस्था हट्न नसकेको भनाइ उहाँको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसँग सम्बन्धित कानुन बन्न नसक्दा सरकार सञ्चालनमा कठिनाइ आएको बताउनुभयो । संविधान कार्यान्वयनमा चुनौतीहरू धेरै रहेका बताउँदै सङ्घीयता संविधानमा व्यवस्था गरे पनि प्रभावकारी कार्यान्वयनमा नआउँदा समस्या आएका उहाँको भनाइ छ । "संविधानद्वारा प्रदेशलाई दिइएका अधिकार छिटो कार्यान्वयनमा जानुपर्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सबै पार्टीको सहयोग र सहमतिका आधारमा संविधान संशोधन गरी अगाडि बढ्न जरुरी छ ।" प्रदेशका कानुन लामो समयसम्म बन्न नसक्दा आम जनताले सङ्घीयतामाथि प्रश्न उठाउन थालेका बताउँदै नेपाली जनतालाई सिंहदरबारको अधिकार भन्ने तर कानुन बाधक बनिरहनु भएन उहाँले भन्नुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले यही अवस्थामा वर्तमान संविधान चलायमान हुन नसक्ने बताउँदै संविधान संशोधन अत्यावश्यक भएको औंल्याउनुभयो ।

सो अवसरमा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, संविधानविद् राधेश्याम अधिकारी कपिलमणि दाहाल, कृष्णप्रसाद तिमिल्सिना, बिनिता नेपाली, सीताराम केसीलगायतले संविधान संशोधनका बारेमा आ–आफ्ना धारणा राख्नुभएको थियो ।

संविधानविद् राधेश्याम अधिकारी र कपिलमणि दाहालले संविधान संशोधनः आवश्यकता र चुनौती तथा संविधानमा सुधार गर्नुपर्ने बुँदाका बारेमा आधारपत्र प्रस्तुत गर्नुभएको थियो । नेपाली कांग्रेस पेसागत तथा बुद्धिजीवी विभागका प्रमुख डा डिला सङ्ग्रौलाले उक्त कार्यक्रमको सभापतित्व गर्नुभएको थियो ।

## फोहोर संकलन दौडमा तीनहजार युवा सहभागी

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

पोखरामा शनिबार फोहोर संकलन दौड प्रतियोगिता आयोजना गरिएको छ । 'स्वच्छ देश, हाम्रो परिवेश' भन्ने नाराका साथ फोहोर संकलन दौड गरिएको हो । पालिखेचोकस्थित प्रतिभा माविमा भेला भएका तीनहजार बढी युवालाई सहभागी गराएर सहरको फोहोर संकलन गर्दै दौड्ने प्रतियोगिता आयोजना गरिएको थियो ।



मैनादेवी फाउन्डेसनको आयोजना तथा पोखरा महानगरपालिका, प्रतिभा मावि, टार्गेट एजुकेसनल कन्सल्टेन्सी लगायत विभिन्न संघ संस्थाको सहकार्यमा भएको दौडको शुभारम्भ गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गरेका थिए । दौड उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले यस्ता दौडले आम नागरिकमा फोहोर नगर्नका लागि जागरण ल्याउन सहयोग पुग्ने बताए । सहरमा देखिने फोहोर मात्र नभएर नागरिक भित्रको नकारात्मक सोचलाई बदल्न पनि यस्ता कार्यक्रमले सघाउने उनले बताए । फोहोर संकलन दौडले आमनागरिकमा सरसफाईको महत्व अझै बढि बुझ्न र व्यवहारमा लागु गर्न प्रेरित गरेको पनि उनले बताए । 'सडकमा देखिएको फोहोर मात्र होईन हरेक नागरिकले आफु भित्रको नकारात्मक सोचलाई पनि सफा गर्न जरुरी छ,' मुख्यमन्त्री पाण्डेले भने, 'सकारात्मक सोचले पनि बातावरण सफा राख्न सघाउँछ ।' सबै नागरिक मिलेर सरसफाईलाई दैनिकीको हिस्सा बनाउँदा स्वच्छ पोखरा, स्वच्छ गण्डकी प्रदेश र सिंगो देशलाई नै स्वच्छ बनाउन सकिने उनले बताए। वातावरणीय प्रभाव र पर्यावरणमा देखिएको असर न्यूनिकरण गर्नु, प्रदुषण रहित वातावरण सिर्जना गर्नु सबैको दायित्व रहेको उनको भनाई छ । 'अब सफाई गर्नुभन्दा फोहोर हुन नदिने अभियानमा सबै लाग्नुपर्छ,' मुख्यमन्त्री पाण्डेले भने, 'फोहोर सफा गर्ने भन्दा पनि फोहोर नै हुन नदिनेतर्फ ध्यान दिनुपर्छ। बाटोमा फोहोर फ्याकेर झ्यालबाट हेरेर बस्दै महामनगरलाई गालि गर्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।' प्रतिभा माविका प्राचार्य किरण सापकोटाका अनुसार युवापुस्तामा हरियालीको महत्व, जलवायु परिवतर्नको र स्वच्छ सहरबारे जानकारी दिलाउनका लागि विभिन्न निकायसँगको सहकार्यमा कार्यक्रम गरिएको हो । विद्यालयस्तरका विद्यार्थी सहितको यो सहभागिताले नयाँपुस्तामा हरियाली प्रवर्द्धनको महत्वबारे ज्ञान बढ्ने अपेक्षा रहेको उनले बताए। 'युवापुस्ताले जलवायु परिवर्तनबारे उत्तिसारो चाँसो राखेको छैन । जलवायु परिवर्तनको असर नजानिदो तरिकाले परिरहेको छ, तर, त्यसमा नयाँ पुस्ताले ध्यान दिएको छैन,' सापकोटाले भने, 'युवालाई नै जागरुक गराउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।' मैनादेवी फाउन्डेसनका अध्यक्ष केपी खनालले स्वच्छ, सुन्दर र हरियाली सहर बनाउने अभियानलाई आत्मसात गर्दै आम नागरिकमा सरसफाइप्रति जागरुक गराउन दौड आयोजना गरिएको बताए । वातावरण संरक्षण र स्वच्छतामा युवा, विद्यार्थी र नागरिकलाई सचेत र एकजुट बनाइ फोहोर नगर्न प्रेरित गर्ने उद्देश्यले दौड गरिएको उनको भनाइ छ। दौड पाँच किमी सडकमा भएको हो । पोखराको नदीपुरस्थित प्रतिभा माविबाट सुरु भएको फोहोर संकलन दौड पालिखेचोक, महेन्द्रपुल, नयाँ बजार, पृथ्वीचोक, सभागृहचोक, न्युरोडहुँदै पुन प्रतिभा माविमा पुगेर समापन भएको हो । मैनादेवी फाउन्डेसनले लामो समयदेखि 'स्वच्छ देश हाम्रो परिवेश' भन्ने नाराका साथ सामाजिक सचेतना र पर्यावरणका क्षेत्रमा कार्यक्रम गर्दै आएको छ । हरियाली प्रवर्द्धन, जलवायु परिवर्तन र स्वच्छ सहरका निम्ति ३ हजार भन्दा बढी युवाको सहभागितमा फोहोर संकलन दौड आयोजना गरिएको फाउन्डेसनले बताएको छ। फाउन्डेसनका अध्यक्ष केपी खनालले स्वच्छ, सुन्दर र हरियाली सहर बनाउने अभियानलाई आत्मसात गर्दै आम नागरिकमा सरसफाइप्रति जागरुक गराउन दौड आयोजना गरिएको बताए । वातावरण संरक्षण र स्वच्छतामा युवा, विद्यार्थी र नागरिकलाई सचेत र एकजुट बनाइ फोहोर नगर्न प्रेरित गर्ने उद्देश्यले पोखरामा पनि दौड गरिएको खनालको भनाई छ । दौडमा दुई जनाको जोडी बनाएर फोहोर संकलन गर्नुपर्ने नियम छ । एक घण्टाको दौडमा प्रतियोगिले संकलन गरेको फोहोरलाई जोखेर सबै भन्दा धेरै फोहोर संकलन गर्नेलाई पुरस्कार वितरण गरिने फाउन्डेसनका सदस्य सृष्टि घिमिरेले बताउनुभयो । विभिन्न विद्यालय र तथा कलेजका विद्यार्थी नेपाल प्रहरी, नेपाली सेना, लगायत विभिन्न संघ संस्थाका प्रतिनिधि दौडमा सहभागी भएका थिए । वातावरण संरक्षणमा आम नागरिकमा जागरुक गराउन मैनादेवी फाउन्डेसले देशका अन्य सहरमा पनि यस्ता कार्यक्रम गरेको छ । फोहोर नगर्नका लागि सेचत गराउने उद्देश्य फाउन्डेसनको छ । प्रतियोगितामा प्रथम हुनेले ५० हजार, दोश्रोलाई २५ हजार र तेश्रोलाई १५ हजार रुपैयाँ पुरस्कार दिइएको छ। फाउन्डेसनले यसअघि यस्तै कार्यक्रम काठमाडौंमा तीनपटक र चितवनमा एकपटक आयोजना गरेको थियो । दौडमा दुईजनाको जोडी बनाएर फोहोर संकलन गर्नुपर्ने नियम बनाइएको थियो । एकघण्टाको दौडमा प्रतियोगिले संकलन गरेको फोहोरलाई तौलेर सबै भन्दा बढी तौल फोहोर संकलन गर्नेलाई पुरस्कार वितरण गरिने फाउन्डेसनले बताएको छ । विभिन्न विद्यालय तथा कलेजका विद्यार्थी नेपाल प्रहरी, नेपाली सेना, लगायत विभिन्न संघ संस्थाका प्रतिनिधि दौडमा सहभागी भएका थिए ।


## नैतिक शिक्षा आजको आवश्यकताः वनमन्त्री शाही

पोखरापत्र संवाददाता
बागलुङ, १० फागुन

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले समाजलाई नैतिक रूपमा माथि उठाउन आजको आवश्यकता नैतिक शिक्षा भएको बताउँदै विद्यालय तहबाटै यसको पठनपाठन गराउनुपर्नेमा जोड दिनुभएको छ ।

शनिबार बागलुङको जैमिनी नगरपालिका–८ स्थित छिस्तीको जनकल्याण माध्यमिक विद्यालयको स्वर्ण जयन्ती समारोहको उद्घाटनपछि उहाँले शिक्षा क्षेत्रमा लगानीअनुसार प्रतिफल नआएको बताउँदै अब गुणस्तरमा ध्यान दिन आवश्यक

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# समाजसेवी आचार्यको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

समाजसेवी लीलाभक्त आचार्यको ९५ वर्षको उमेरमा शनिबार निधन भएको छ।

लामो समयदेखि श्वासप्रश्वास रोगबाट पीडित आचार्यको शनिबार बिहान पोखरा महानगरपालिका-१७ विरौटास्थित आफ्नै निवासमा निधन भएको परिवारका सदस्य देवराज आचार्यले जानकारी दिनुभयो। उहाँको पोखरास्थित तुलसीघाटमा अन्त्यष्टि गरिएको छ। नेपाली कांग्रेस कास्कीका



पूर्वसभापति आचार्यप्रति नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइराला, पूर्वसभामुख तारानाथ रानाभाट, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराललगायत पार्टीका नेता तथा कार्यकता र सामाजिक अगुवाले अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो। विभिन्न सामाजिक सङ्घसंस्थामा महत्वपूर्ण सहयोग गर्नुभएका आचार्यले पोखरा महानगरपालिका-१७ मा नेपाली कांग्रेसको पार्टी कार्यालय बनाउन रु ५० लाख ५५ हजार ५५५ आर्थिक सहयोग गर्नुभएको वडा पार्टी सभापति देवराज आचार्यले जानकारी दिनुभयो।

# पूर्व राजा ज्ञानेन्द्रको परिवार सहित छोरीको जन्मदिन पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

पूर्व राजा ज्ञानेन्द्र शाह आफ्नो परिवार सहित यति वेला पोखराको भ्रमण गरेका छन् ।

भ्रमणमा उहाँले आफ्नी छोरी, राजकुमारी प्रेरणा राज्य लक्ष्मी देवी शाहको जन्मदिन पोखराको चर्चीत ओपनहाउस रेस्टुरेन्ट र क्लब क्याटवाकमा मनाउनु भएको छ। पूर्वराजपरिवारको उक्त भ्रमणलाई पोखराका स्थानीयवासी र पर्यटन व्यवसायीहरुले निकै महत्वपूर्ण रुपमा लिनु भएको छ।

ओपनहाउस रेस्टुरेन्टमा आयोजित विशेष समारोहमा पूर्व राजा ज्ञानेन्द्र, उहाँकी पत्नी कोमल राज्य लक्ष्मी देवी शाह, छोरा युवराज पारस शाह लगायत राजपरिवारका सदस्यहरुको उपस्थिति रहेको थियो । राजकुमारी प्रेरणाको



जन्मदिनको अवसरमा केक काट्नुका साथै विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु प्रस्तुत गरिएको थियो। त्यसपछि पूर्व राजपरिवार क्लब क्याटवाक गएर मनोरन्जन गर्नु भएको थियो। पूर्व राजा ज्ञानेन्द्रले ओपन हाउसको सुन्दरता, व्यवस्थापन र वातावरणको प्रशंसा गर्नुभयोको रेष्टुरेण्टले जनाएको छ। पोखराको प्राकृतिक सौन्दर्यले आफूलाई मोहित पारेको बताउदै पूर्व राजा शाहले ओपनहाउस र क्लब क्याटवाक दुवैको आतिथ्यताले आफूलाई थप प्रभावित पारेको बताउनु भयो।

यस भ्रमणले पोखराको पर्यटनलाई राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा चिनाउन मद्दत गर्ने पुग्ने स्थानिय पर्यटन व्यवसयीहरुले विश्वास व्यक्त गर्नुभएको छ।

# बेसलाइन एकेडेमी स्कूलको २७ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित बेसलाइन एकेडेमी स्कूलको २७ औ वार्षिकोत्सव, पुरस्कार वितरण तथा विविध साँस्कृतिक कार्यक्रम शनिवार सम्पन्न भयो।

विसं २०५४ सालमा स्थापना भएको स्कूलको वार्षिकोत्सव गण्डकी प्रदेशका उपसभामुख मिनाकुमारी थापाले उद्घाटन गरिन् । शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले बाबु नानीहरुसँग अभिभावक वढि भन्दा वढि घुलमिल हुनुपर्नेमा जोड दिए । बेसलाइन एकेडेमीका निर्देशक शोभालक्ष्मी पौडेलले विद्यालयको गतिविधि वारे जानकारी दिइन् । बेसलाइन एकेडेमीका प्रवन्ध निर्देशक षडानन्द गौतमको अध्यक्षतामा




भएको कार्यक्रममा पोखरा महानगरपालिकाका शिक्षा महासशाखा प्रमुख हेमप्रसाद आचार्य, प्याब्सन कास्कीका सल्लाहकार बाबुराम पन्त, भवानी माविका प्रधानाध्यापक रमेश भट्टराई, अभिभावक जिवन सुवेदी, पूर्व विद्यार्थी सजिना पौडेल लगायतले वोलेको कार्यक्रममा कक्षा १० मा अध्ययनरत आकृति गुरुङले स्वागत र शिक्षक रामप्रसाद तिमिल्सेनाले साहित्यमय लयमा संचालन गरेका थिए । कार्यक्रममा नर्सरी देखि कक्षा १० सम्मका विद्यार्थीहरुले आ-आफ्नो प्रतिभा प्रस्तुति गरेका थिए। त्यसैगरी प्रदर्शनीमा विज्ञान, सामाजिक र गणित विषय समेटिएको थियो।

सो अवसरमा शैक्षिक वर्ष २०७९ र २०८० को शैक्षिक पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा खेलकुद, नृत्य, गायन लगायत विषयमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गरियो।

# नैतिक ...

रहेकामा जोड दिनुभयो । उहाँले कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) गठबन्धनको सरकारले विकास र समृद्धिको क्षेत्रमा उल्लेख्य प्रगति गरिरहेको बताउनुभयो। स्थायित्व र विकासका लागि अहिलेको सरकारले जनता केन्द्रित भएर नयाँ ढङ्गले काम गरिरहेको उहाँको भनाइ छ । "शिक्षामा सरकारले गरेको लगानी अनुसारको प्रतिफल आएको छैन, गुणस्तरमा ध्यान दिन आवश्यक छ, पछिल्लो समय वन्यजन्तुका कारण किसान समस्यामा छन्, यो विषय समाधान गर्न सरकार गम्भीर बनेको छ", मन्त्री शाहीले भन्नुभयो, "जैमिनी नगरपालिकाले बाँदर बगैंचा निर्माण थालेकामा वन मन्त्रालयले आर्थिक रूपमा सघाउने छ।" वनलाई समृद्धिसँग जोड्ने गरी काम गरेको बताउँदै आगामी बजेटमा आफूले वन तथा वातावरणसम्बन्धी जोड दिएर कार्यक्रम ल्याउने प्रतिबद्धता जनाउनुभयो । पछिल्लो समय वन्यजन्तु बाँदर, बँदेल र हात्तीका कारण धेरै किसान समस्यामा परेका विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको बताउँदै पहिलो चरणमा बाँदरलाई कृषि हानिकारक वन्यजन्तुका रूपमा लिएर किसानलाई क्षतिपूर्ति दिने व्यवस्था मिलाउने जनाउनुभयो।

उहाँले जैमिनीमा निर्माण गर्ने भनिएको बाँदर बगैंचालाई मन्त्रालयले आगमी दिनमा बजेट विनियोजन गर्ने उल्लेख गर्नुभयो । वर्तमान सरकार आएपछि आर्थिक गतिविधि चलायमान हुनाका साथै रोकिएका कामले पनि गति लिन थालेकाले जनतामा आशाको सञ्चार भएको उहाँले बताउनुभयो।

# मुटुको डबल च्याम्बर पेसमेकरको पोखरामा सफल शल्यक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

मुटुको डबल च्याम्बर पेसमेकरको पोखरामा सफल शल्यक्रिया सम्पन्न भएको छ । त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगंज अर्न्तगतको मनमोहन कार्डियोथोरासिक एण्ड भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरका कन्सल्टेन्ट कार्डियोलोजिस्ट डा. सूर्य देवकोटा नेतृत्वको टोलीले पोखरा महानगरपालिका वडा नम्बर ८ नागढुङा स्थित चरक मेमोरियल हस्पिटललमा सो शल्यकृया सफलतापुर्वक सम्पन्न गरेको हो।

देवकोटा नेतृत्वको चिकित्सक टोलीमा चरक मेमोरियलका डा एस के जैसवाल, नर्स र प्राविधिक गरि सात जना शल्यकृयाका लागि खटिएका थिए। पोखरा महानगरपालिका २५ हेम्जा स्थित घर भएका ६३ वर्षका एक पुरुषको सफल शल्यकृया गरिएको अस्पतालका प्रबन्ध निर्देशक कपिल पोखरेलले बताए । उनका अनुसार मुटुको डबल च्याम्बर पेसमेकरको सफल शल्यकृया गरिएको सम्भवत गण्डकी प्रदेशमै यो पहिलो रहेको उनले बताए। उकालो हिड्न गाह्रो हुने, रिगटा लाग्ने, स्वास फेर्न अप्ठयरो जस्तो समस्या भएपछि त्रिपाठीलाई उपचारका लागि परिवारले हस्पिटल पुरयाएका थिए । त्यसपछि उनको स्वास्थ्य परिक्षण गर्दा मुटुको प्लस जम्मा ३०/३५ मात्र सगै अन्य समस्या देखिएपछि आवश्यक परीक्षण गर्दा मुटुको भल्भमा समस्या देखिएको डा जैसवालले जानकारी दिए। लगतै बिरामीको समस्याका बारेमा डा. देवकोटालाई जानकारी गराएपछि उनी पोखरा आएर मुटुको डबल च्याम्बर पेसमेकरको सफल शल्यकृया सम्पन्न गरेको डा जैसवालले जानकारी दिए। मुटुको समस्या लिएर आउने बिरामीहरुलाई सम्भव भएसम्म हस्पिटलमा कार्यरत आफु सहितको चिकित्सक टोलीले समस्या समाधान गर्ने गरेको र जटिल समस्या भएका बिरामीहरुको लागि काठमाण्डौमा डा. देवकोटा लगायतका चिकित्सकलाई सम्पर्क गरि आवश्यक उपचार गदै आएको जानकारी दिए। मुटुको उपचारको सबै सेवा हस्पिटलबाटै आफुहरुले प्रदान गदै आएको समेत उनले जानकारी दिए।

बिरामी त्रिपाठीका छोरा अग्रीम त्रिपाठीले हस्पिटल ल्याउनु अघि बुबाको अबस्था एकदम नाजुक रहेको बताए । मुटुको प्लस जम्मा ३०/३५ मात्र रहेको थियो, यस्तो अवस्थामा एयर लिफट गरेर काठमाण्डौ लैजान पनि सम्भव थिएन। चरक ल्याएपछि कार्यरत चिकित्सकले विशेषज्ञ चिकित्सक देवकोटा संग समस्याका बारेमा छलफल एंव जानकारी दिने काम भएपछि डा.देवकोटा पोखरा आएर उपचार सुरु सगै सफल शल्यकृया भएको बताए । हाल बुबाको अवस्था एकदम ठिक छ, हामीले कल्पना गरेको भन्दा चाडो बुबाको स्वास्थ्यमा सुधार भएको उनले सुनाए।

# पाठेघर मुखको भीआईपी परिक्षण दश जनामा समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

महिलाको अनुहारसंगै भित्री शरिरपनि स्वस्थ हुनु पर्दछ भन्ने लक्ष्यका साथ यहाँको एक व्यूटिपार्लरले पाठेघरको मुखको क्यान्सर(भीआईपी) को निशुल्क परिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा नं. १७ हिमालीटोलस्थित शिशिर व्यूटिपार्लरको आयोजना एवम् पश्चिमाञ्चल क्षेत्रीय अस्पताल नर्सिङ निरीक्षकको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रममा ६१ जनाको पाठेघरको मुख परिक्षण गरिएको थियो।

शिविरमा परिक्षण गरिएका मध्ये १० जनामा समस्या देखिनुका साथै एक जनाको रिपोर्टमा पोजेटिभ देखिएपछि थप उपचारका लागि अस्पतालमा सिफारिस गरिएको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल नर्सिङ निरीक्षक पुष्पलक्ष्मी महर्जनले जानकारी दिनुभयो । उहाँका अनुसार भीआइए टेष्ट गर्दा पाठेघरको मुखमा करिव पाँच प्रतिशत एसिटिक एसिड लगाई पाठेघरको मुखमा रंग परिवर्तन




भएको हेरिन्छ। यसको नतिजा तुरुन्तै पत्ता लाग्दछ र परिक्षण गर्दा दुख्दैन र शरीरमा समेत कुनै नराम्रो असर पर्दैन । भिआइए टेस्ट पोजेटिभ आउनु भनेको क्यान्सर हुनु हैन एचपिभिको संक्रमण हुनु हो जुन समयमा उपचार गरेमा निको हुन्छ उहाँले भन्नुभयो समयमा उपचार नगर्नेहो भने क्यान्सर हुन्छ । शिविरमा अस्पतालका नर्सिङ निरीक्षक जसमाया रिजेलले प्राविधिक सेवा पुर्याउनु भएको थियो । पोखरा महानगरपालिका वडा नं. १७ का वडासदस्य तारा सेवाले शिविरको उद्घाटन गर्दै पार्लरले व्यवसायसंगै महिलाको स्वास्थ्यमा समेत चासो देखाएर समाजप्रति महत्वपूर्ण योगदान गरेको बताउनुभयो। सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले पाठेघरको मुखको क्यान्सरको समस्या नेपाली महिलाहरु ठूलो संख्यामा पिडीत रहेको बताउँदै आफ्नो शरीरमा देखिएको समस्या चिकित्सकसंग खुलेर राख्नु पर्नेमा जोडदिनुभयो। अनुहारमा मात्र होईन भित्री शरीर सफा र निरोगी हुनु पर्नेमा जोड दिँदै उहाँले यस्ता शिविर सरकार ि‍स्तरसंगै विभिन्न संघसंस्थाले पनि आयोजना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

संस्थाका प्रोपाईटर एवम् राष्ट्रिय प्रशिक्षक दिपक गोदारको अध्यक्षतामा भएको कार्यक्रममा पार्लर सञ्चालक शिशिर गोदारले व्यवसायसंगै सात जनालाई रोजगार दिँदै आएको जानकारी दिनुभयो। २० हजार रुपैया बरावरको औषधि निशुल्क वितरण गरिएको एक दिने शिविर सञ्चालन गर्न वइल टेन प्रोफेसनल कस्मेटिक कम्पनीले आर्थिक सहयोग रहेको थियो।

# पत्रकार त्रिभुवन पौडेलको स्मृतिमा पुम्दीभुम्दीमा त्रिभुवन स्मृति कप हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

पोखरा २२ (पुम्दी–भुम्दी) मा प्रथम त्रिभुवन स्मृति कप फाइभ ए साइड फुटबल प्रतियोगिता २०८१ हुने भएको छ। पोखरा महानगरपालिका वडा न. २२ को ठुलिविडीमा यही फागुन १६ गते देखि उक्त प्रतियोगिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ,पत्रकार महासंघ गण्डकी प्रदेशका सस्थापक अध्यक्ष तथा परिवर्तन युवा क्लबका सल्लाहकार स्व.त्रिभुवन पौडेलको स्मृतिमा उक्त प्रतियोगिता पहिलो पटक हुने भएको क्लवका सचिव एवं प्रतियोगिताका संयोजक सुदिप बरालले बताउनु भयो।

उक्त प्रतियागिता ठुलिविडीको सिम्लेपाखा खेलमैदानमा यही फागुन १८ गते सम्म सन्चालन हुने तयारी गरिएको प्रतियोगिताको संयोजक बरालले बताउनु भयो । परिवर्तन युवा क्लबको आयोजनामा हुने प्रतियोगिताको विजेताले ५५ हजार ५ सय ५५ रुपैया, उपविजेताले २५ हजार ५ सय ५५ नगद सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको छ। त्यस्तै विद्यागत तर्फ उत्कृष्ट खेलाडी, गोलकर्ता र उत्कृष्ट गोल रक्षकलाई समेत पुरस्कार प्रदान गरिने भएको छ।

कास्कीका जिल्ला समन्वय अधिकारी एवं सल्लाहकार नवराज बरालले खेलकुदमा कहिले बिकृति हुने हुँदा सुरक्षा व्यबस्था मिलायन सुझाव दिनुभयो । खेल प्रति युवाहरुको आकर्षण बढाउन, प्रतिभा प्रष्फुटन गर्न, दक्ष खेलाडी उत्पादन गर्न, खेलकुदको माध्यमबाट समाजमा सकरात्मक परिवर्तन गर्दै सामाजिक एकता कायम गर्न उक्त प्रतियोगितको मुख्य उद्धेश्य रहेको अध्यक्ष कमल बरालले बताउनु भयो । उक्त प्रतियोगिता सम्पन्न गर्न करिब ५ लाख खर्च लाग्ने




भएको क्लवका सल्लाहकार राजेन्द्र बरालले बताउनु भयो।

क्लवको पहलमा सिम्लेपानीमा खेल मैदान निर्माण गरिएको उहाँले जनाउनु भयो । प्रतियोगितामा करिब २५ टिमको सहभागिता हुने भएको क्लवका उपाध्यक्ष विवेक बरालले जनाउनु भयो। हट्लाईन दैनिकका प्रवन्ध निर्देशक एवं स्व.पौडेलका दाजु उत्तम पौडेलले उक्त प्रतियोगिता सफल पार्न सबैको साथ र सहयोगको अपेक्षा गर्नुभयो।

२०७९ माघ १ गते पोखरामा भएको यती एअरलाइन्सको जहाज दुर्घटनामा परि दिवङ्गत हुनुभएका नेपाल पत्रकार महासंघ का केन्द्रीय सदस्य ,पत्रकार महासंघ गण्डकी प्रदेशका सस्थापक अध्यक्ष तथा परिवर्तन युवा क्लबका सल्लाहकार स्वर्गीय त्रिभुवन पौडेलको स्मृतिमा उक्त प्रतियोगिता पहिलो पटक हुने भएको हो । प्रतियोगितालाई सफल पार्न पोखरा २२ को वडा कार्यालय, गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, फेवा मिट प्रोडक्ट लगायतको सहयोग हुने भएको क्लवले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझदा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# जनतामा सुशासनको अनुभूति दिलाऊ

नेकपा माओवादी केन्द्रले स्थानीय तहबाट समाजवादको पूर्वाधार निर्माणसम्बन्धी जनप्रतिनिधिहरूको दुई दिने अभिमुखीकरण कार्यक्रम पोखरामा शुरु गरेको छ । पुस २३ मा सम्पन्न केन्द्रीय समिति बैठकले पारित गरेको स्थानीय सरकारलाई समाजवादी उन्मुख बनाउनेसम्बन्धी अवधारणाका आधारमा जनप्रतिनिधिको अभिमुखीकरण कार्यक्रम राखेको छ।कार्यक्रममा माओवादीले जितेका १२३ पालिका प्रमुख/अध्यक्ष, १३४ उपप्रमुख/उपाध्यक्ष, पालिका पार्टी अध्यक्ष, प्रदेश इन्चार्ज र अध्यक्षहरू तथा विज्ञहरु सहभागी भएका छन ।

माओवादी केन्द्रका अध्यक्ष अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले केन्द्रीय समितिले पारित गरेको समाजवाद उन्मुख स्थानीय तहको स्पिरिडमा अभिमुखीकरण कार्यक्रम राख्नुको औचित्त्य समाजवादको मोडेलमा कसरी विकास गर्ने ? उत्पादनको क्षेत्रमा के काम गर्न सक्छौं ? 'माओवादीले जितेका पालिकामा रोल मोडेल बनाएर काम गर्न आग्रह गरेका छन। अहिलेको व्यवस्थाप्रति पनि जनअसन्तुष्ट वा आक्रोश बढ्दै गएमा अर्को राजनीतिक दुर्घटना हुन्छ । त्यसको फाइदा प्रतिक्रान्तिकारीले लिन सक्छ । जनसहभागी भएर स्थानीय पालिकामा सही ढंगले काम गरेमा आक्रोश कम हुन सक्छ ।

समुदायसँग मिलेर नै स्थानीय विशेषतासहितको समाजवाद निर्माण गर्नुपर्नेमा प्रचण्डको जोड छ । अबको विकास विदेशीको नक्कल गरेर होइन, आफ्नै विशेषतामा अगाडि बढ्नुपर्ने छ । केन्द्रीय सरकारले दिने अनुदानमा चल्ने स्थानीय सरकारले समाजवादी मोडल अनुसार काम गर्छन भन्नू गफ हुन सक्छाकर धेरै उठ्ने महानगरले गर्न नसकेको काम पालिकाबाट सहज छैन । बरु बेथिति र काम नगर्ने परिपाटीमा सुधार ल्याउन सकिन्छ । जनताले सेवा प्रवाहमा सुधार चाहेका छन । कार्यक्रममा उत्कृष्ट महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका जनप्रतिनिधिमध्येबाट ९ जनाले आ-आफ्ना पालिकामा भएका विकास निर्माणका अनुभवबारे रिपोर्टिङ गरेका थिए ।

'पशुपालन, कृषि उत्पादन सम्बन्धमा हामीले जे अपनाइराखेका छौं, त्यसकै आधारम अगाडि बढ्नुपर्छ । सबैभन्दा पहिला सम्बन्धित पालिकाले आफ्नो मौलिकता के हो त्यो भुल्न हुँदैन । स्वास्थ्य, शिक्षा लगायत सामाजिक पूर्वाधार बनाउन गाउँका सामाजिक व्यक्तिहरुको जति भूमिका हुन्थ्यो । सरकारले प्रत्यक्ष हस्तक्षेप गर्दा ती सामूहिक रुपमा भएका प्रयास कमजोर हुँदै जाँदा नेपालको मौलिकता हराउँदै गएको छ । कुलो, खानेपानी, सिँचाइ जस्ता पूर्वाधार निर्माणमा स्थानीय सहभागितालाई जोड दिनुपर्छ । हाम्रा आफ्नै मोडल र अनुभवका आधारमा अगाडि जानुपर्छ । थुलुङ दुधकोशी गाउँपालिकले जिल्लाको सदरमुकाममा नै अस्पताल नहुँदा पालिकाले नै चलाएको अस्पतालको मोडेलबाट जनताले सेवा सुविधा पाएको र उक्त अस्पतालमा विशेषज्ञ डक्टरसहितको सेवा प्रवाह भइरहेको जानकारी र उदाहरणीय हो ।

भरतपुर महानगरपालिकाले भौतिक पूर्वाधारमा गरेको प्रगतिबारे जानकारी गराउनुका साथै महानगरपालिकाको मोडेलमा तहगत सरकारबाट भएको सहयोगले ९ सय किलोमिटर सडक पिच भएको समन्वयात्मक तरिकाले चल्ने राम्रो पहल हो । आँबु खैरेनी गाउँ पालिकामा सरकारी कर्मचारी र जनप्रतिनिधिका छोराछोरीलाई सरकारी विद्यालय पढ्न अनिवार्य गरेको, पालिकाले नै अस्पताल सञ्चालन गरेको, पालिकामा आउने सेवाग्राही तथा जनतालाई स्वकीय सचिव लगायतले अवरोध गर्ने गरेको जन गुनासालाई सम्बोधन गरी भेटमा जनतालाई प्राथमिकता दिएको, सुशासन र सेवा प्रवाहमा गरेको असल अभ्यास हो । जनप्रतिनिधिहरूले पारदर्शिता, सुशासन, जनता लक्षित कार्यक्रममा जोड दिएर काम गरेमा जनताले सुशासनको अनुभूति गर्नेछन् । राज्यको स्रोत र साधनमा एउटै वर्गको हालीमुहाली वा पहुँच राख्ने प्रवृत्तिलाई अन्त्य गर्दै आम जनतामा राज्यका सेवासुविधा विस्तार गरी माओवादीले जितेका पालिकामा नमुनाको रुपमा काम गरेमा जनताले बल्ल फरक देख्नेछन ।

# आयुर्वेद औषधालयबाट तीन जिल्लाका नागरिक लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

जिल्लाको व्यास नगरपालिका-६ स्थित सिसाघाटमा आयुर्वेद औषधालयको नवनिर्मित भवन निर्माण गरिएको छ । सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीको रु एक करोड ४१ लख ३८ हजार ९८ लागतमा भवन निर्माण गरिएको हो ।

उक्त औषधालयबाट तनहुँसहित छिमेकी लमजुङ र कास्की जिल्लाका बासिन्दालेसहज रूपमा सेवा लिन थालेका छन् । उक्त भवनको केहीदिन अघि नगरप्रमुख बैकुण्ठ न्यौपानेले उद्घाटन गर्नु भएको थियो । उद्घाटन पछि नागरिकलाई उपचार सेवा दिन थालिएको व्यास-६ का वडाध्यक्ष एवं शिशाघाट आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष जीवन गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास-६ र ७ का बासिन्दासहित छिमेकी जिल्ला लमजुङको मध्यनेपाल, भोर्लेटार र कास्कीको रूपा गाउँपालिकाबाट सेवाग्राही उपचारका लागि आउने गरेका छन् । औषधालयमा दैनिक २० जना उपचारका लागि आउने गरेका औषधालयका इन्चार्ज सरोज मिश्रले जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन, मातृशिशु सुरक्षा कार्यक्रमअन्तर्गत स्तनपायी आमाका लागि दुग्ध उत्पादक औषधि वितरण, स्नेहन स्वइदन र शिरोधरालगायत सेवा प्रदान गरिएको छ । उहाँले भन्नुभयो, "औषधालय सुरुका चरणमा रहेकाले पञ्चकर्म विधिबाट गरिने उपचारमध्ये अहिले पूर्वकर्म मात्रै गर्ने गरिएको छ । क्रमशः सेवा विस्तार गर्दै लैजाने योजना छ ।"

# परीक्षण भएको एक वर्षसम्म पनि सञ्चालन भएन रातोढुंगा सबस्टेसन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० फागुन

जिल्लाको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहमा विद्युत् आपूर्ति गर्न निर्माण भएको रातोढुङ्गा प्रसारण लाइन र सबस्टेसन परीक्षण भएको एक वर्षसम्म पनि सञ्चालनमा आउन सकेको छैन ।

पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकबाट म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुङ्गा जोड्ने २२ किलोमिटर दूरीको प्रसारण लाइन र रातोढुङ्गामा निर्माण भएको ३३/११ केभी क्षमताको सबस्टेसन सञ्चालनमा ल्याउन ढिलाइ भएको हो । विसं २०८० माघमा गरिएको परीक्षण सफल भए पनि आयोजना, निर्माण कम्पनी र नेपाल विद्युत् प्राधिकरण, बेनी वितरण केन्द्रको समन्वय नहुँदा उक्त प्रसारण लाइन र सबस्टेसन सञ्चालनमा आउन नसकेको मालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताउनुभयो । छ वर्ष अघि सम्पन्न हुनुपर्ने सबस्टेसन र प्रसारण लाइन निर्माणमा भएको ढिलाइले म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार र विद्युत् आपूर्ति प्रभावित भएको उहाँले बताउनुभयो । हाल मिलनचोक सबस्टेसनमार्फत चार वटा फिडरबाट लामो दूरीमा विद्युत् आपूर्ति गराउँदा समस्या भएको छ । बीस किलोमिटर दूरीसम्म एउटा सबस्टेसनबाट विद्युत् आपूर्ति गराउने मापदण्ड भए पनि ८० किमीसम्म वितरण गर्नुपर्दा नियमित विद्युत् आपूर्ति गराउन प्राविधिक समस्या भइरहेको उहाँको भनाइ छ । बेनीबाट 'टिपिङ' (लाइन जोडेर) प्रसारण लाइन र सबस्टेसनको परीक्षण गरिए पनि नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले मिलनचोक सबस्टेसनबाट लाइन जोड्नुपर्ने अडान लिएको छ ।

केन्द्रका प्रमुख सत्यनारायण गामीले ठेक्का सम्झौता र प्राविधिक हिसाबले दीर्घकालीन रूपमा सञ्चालन गर्न मिलनचोकबाट लाइन आपूर्ति गराउन अडान लिएको बताउनुभयो । नेपाल विद्युत् प्राधिकरणमार्फत ए टु जेड इञ्जिनियरिङले सन् २०१६ मा ठेक्का लिएको सबस्टेसन र प्रसारण लाइन सन् २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य लिइएको थियो ।

निर्माण कम्पनीका प्रतिनिधि पद्ममसागर लुइटेलले बेनीबाट मिलनचोकसम्म थप ५० वटा खम्बा गाड्नुपर्नेमा आनन्दबगर क्षेत्रमा पाँच वटा खम्बा पर्ने ठाउँमा जग्गाधनीले अवरोध गरेकाले काम रोकिएको बताउनुभयो । आयोजना प्रमुख बोधराज ढकालले स्थानीय जनप्रतिनिधि र प्रशासनसँग विवाद समाधानका लागि सहजीकरण गरिदिन अनुरोध गर्नुभयो । रोकिएको खम्बा गाड्ने र तार तान्ने काम सकिएपछि प्रसारण लाइन र सबस्टेसन सञ्चालन गर्न सकिने ढकालले बताउनुभयो । सुरुमा जग्गा अधिग्रहणमा भएको ढिलाइका कारण प्रभावित बनेको थियो । खम्बा गाड्ने र तार तान्ने क्रममा जग्गाधनीको अवरोधले रोकिएको आयोजनाको काम विसं २०८० जेठमा चार वर्षपछि पुनः सुरु भएको थियो ।

# तातोपानी स्नानस्थलको क्षमता विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० फागुन



प्राकृतिक उपचार स्थलको रूपमा परिचित म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको सिंगा तातोपानी कुण्डमा स्नान स्थलको क्षमता विस्तार गर्न थालिएको छ ।

तातोपानी कुण्ड व्यवस्थापन समितिले उपल्लो तातोपानी बजारको नजिकै सार्वजनिक जग्गामा नयाँ पोखरी निर्माण गरेर स्नान स्थलको क्षमता बढाउन थालेको हो । समितिका सचिव अमरबहादुर केसी (कुमार)ले तातोपानी स्नान गरेर उपचारका लागि आउनेहरूको चाप बढेपछि क्षमता विस्तार गर्न लागिएको जानकारी दिनुभयो ।

"म्याग्दी नदीको किनारमा रहेको मुहानबाट तातोपानीलाई पम्पीङ गरेर स्नानका लागि संकलन गर्न नयाँ पोखरी निर्माणको काम अन्तिम चरणमा पुगेको छ," उहाँले भन्नुभयो "कुण्डमा स्नानका लागि आउनेहरूले तिर्ने प्रवेश शूल्कले निर्माण सामग्री खरिद, मजदुरको ज्याला ब्यवस्थापन र श्रमदान जुटाएर नयाँ स्नानस्थल बनाउन लागिएको हो ।" १५/१५ फिट लम्बाई चौडाई र दुई दशमलब पाँच फिट उचाई भएको पोखरीमा एक पटकमा ८० जनाले स्नान गर्न सक्ने क्षमता रहेको सचिव केसीले बताउनुभयो । हालको तातोपानी स्नानस्थल भन्दा केही माथि म्याग्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सियस तातोपानी निस्कने मुहान छ । उक्त मुहानको पानीलाई विद्युतीय उपकरणको सहायताले पोखरीमा पुर्‍याउने संरचना निर्माण भएको छ । स्नानस्थल नजिकै सार्वजनिक शौचालय बनाउन लागिएको छ । संरचना निर्माण सकेर यसै महिनादेखि नयाँ स्नानस्थल सञ्चालन गरिने तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले बताउनुभयो । उहाँका अनुसार तातोपानीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने गरेको छ । आर्थिक वर्ष २०८०/०८१ मा नेपालका ५९ जिल्ला, भारत, रसिया, फ्रान्स र जापानका ४४ हजार जनाले तातोपानी स्नान गरेका समितिको तथ्याङ्क छ । रु. तीन सय ५० का दरले शूल्क तिरेर सात देखि १० दिनसम्म स्नान गर्न पाइन्छ ।

छोटो अवधीमा स्नान गर्नेहरूका लागि प्रतिपटक रु. एक सय शूल्क तोकिएको छ । हाल बिरामी र पर्यटक तथा पाहुनाका लागि स्नान गर्नका लागि दुई वटा फरक-फरक पोखरी छन् । भ्रमण आउने र जाडो याममा स्नान गर्नेहरूहरूको मंसिर देखि फागुन चैत महिनासम्म घुइँचो लाग्ने गर्छ । ठूलो पोखरीमा एक पटकमा तीन सय जनाले स्नान गर्न सक्ने क्षमता छ । पाहुनाको चाप बढेकाले दुई/दुई घण्टाको दरले तीन समूह बनाएर स्नानको व्यवस्था मिलाइएको छ । हाल दैनिक एक हजार जनाले तातोपानी कुण्डमा स्नान गरिरहेका सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका कर्मचारी रेशम कार्कीले बताउनुभयो । प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ । प्रवेश शूल्क र चन्दा सहयोगबाट कुण्डका कर्मचारीहरूको तलब, भत्ता, भौतिक पूर्वाधार निर्माण, सामाजिक कामका साथै तातोपानीमा रहेको सरस्वति माविका पाँच जना निजी स्रोतका शिक्षकहरूको तबलभत्तामा खर्च गरिदै आएको छ ।

# नेपाल राष्ट्रिय शिक्षक संगठन हरिनासमा हेम राना

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



नेपाल राष्ट्रिय शिक्षक संगठन हरिनासको तेस्रो पालिका अधिवेशनले हेम बहादुर रानाको नेतृत्वमा हरिनास गाउँ कार्यसमिति स्याङ्जा गठन भएको छ ।

उक्त कार्यक्रम संगठनकी अध्यक्ष भवानी थापाको अध्यक्षता र नेकपा एमाले गण्डकी प्रदेश कमिटी सदस्य राम बहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन संगठनकी सहसचिव दुरपित थापाले गरेका थिए । सो अवसरमा स्वागत मन्तव्य उपाध्यक्ष हेम बहादुर रानाले गरेका थिए । विशिष्ट अतिथि गापा अध्यक्ष खिमनारायण मानन्धर, विशेष अतिथि नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति अध्यक्ष हिमलाल ढकाल र नेकपा एमाले हरिनासका अध्यक्ष मिलनराज श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राख्दै नवगठित समितिलाई बधाई र सफल कार्यकालको शुभकामना दिए । नवगठित समितिमा उपाध्यक्ष श्रीकृष्ण प्रधान र हरिमाया आचार्य सचिव, राजु रिजाल कोषाध्यक्ष राजु खनाल, सहसचिव शिव तिवारी, सहकोषाध्यक्ष तुलसी सिग्देल लगायतको ११ सदस्यको नवकार्य समिति रहेको छ ।

# भानुमतिलाई अकबरे खुर्सानीको पकेट क्षेत्र बनाइने

**पोखरापत्र संवाददाता**
दमौली, १० फागुन

तनहुँको भिमाद नगरपालिका-९ भानुमतिलाई अकबरे खुर्सानीको पकेट क्षेत्रको रूपमा विकास गर्न लागिएको छ । भानुमतिस्थित जौपानी कृषकहरूले एक सय रोपनी जग्गामा अकबरे खुर्सानीको खेती गर्ने तयारी गरेका छन् ।

कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यहाँका स्थानीयवासीले अकबरे खुर्सानी खेती गर्न लागेका हुन् । उक्त जग्गामा खेतीका लागि हाल एक लाख अकबरे खुर्सानीको बेर्ना तयार भएको पूर्व वडाध्यक्ष इमान थापाले जानकारी दिनुभयो । एक लाख ६० हजार बेर्ना उत्पादनको लक्ष्य रहेपनि कम उत्पादन भएको उहाँको भनाइ छ । उक्त खेतीबाट कृषकहरूले वार्षिक २ लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेको कृषक समेत रहनुभएका थापाले बताउनुभयो । उहाँका अनुसार अकबरे खुर्सानी विक्रीबाट वार्षिक रु छ करोड २५ लाख आम्दानी हुने लक्ष्य रहेको छ । उक्त खुर्सानीको बेर्ना फागुनको २० देखि २५ गतेसम्म सार्ने कार्यक्रम रहेको छ । उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरूमा विक्री गर्ने योजना रहेको छ । हाल बजारमा प्रति केजी रु तीन सयदेखि रु पाँच सय थोक मूल्य रहेको छ । खुर्सानीको बिरुवा उत्पादनका लागि वडा कार्यालयले रु एक लाख अनुदान दिएको थियो । स्थानीय समेत रहनुभएका गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री किरण गुरुङले खुर्सानीको नर्सरीको निरीक्षण गर्दै यस वडाका कृषकलाई नेपालकै नमुना कृषक भई देशको अर्थतन्त्रमा टेवा पुर्‍याउन र अरूको प्रेरणाको स्रोत बन्न आग्रह गर्नुभयो । उक्त वडाको ८ वटा टोल मोहरीया, पाइमी, कटनछाप, पाथर्दी, थामडाडा, सखेप, जौपानी र आस्पाग्दी भाँडडाडामा अर्कबरे खुर्सानी उत्पादनको लागि पकेट क्षेत्र बनाउने लक्ष्य राखिएको वडा सदस्य शिवकुमार आलेले बताउनुभयो ।

यस्तै यस ठाउँमा कफी खेतीका लागि एक लाख कफीको बिरुवा उत्पादन गर्ने लक्ष्य राखिएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड गण्डकी प्रदेशसँग समन्वय गरी किसानहरूसँग कफी उत्पादनका लागि अन्तरक्रिया समेत गरिएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड गण्डकीका निमित्त क्षेत्रीय निर्देशक पवित्रा अधिकारीले यस ठाउँ कफी उत्पादनका लागि उपयुक्त रहेको बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## कम्पन्नीको नाम परिवर्तन बारेको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/११**

२०८०/०७/१३ मा सम्पन्न साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी कर्म फ्लाइट्स एडभेन्चर एण्ड ट्रेक्स प्रालिको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नुपर्ने बेहोर्नुपर्ने कर दायित्व गरि परिवर्तित नाम कर्मट्रेक्स एण्ड एडभेन्चर विथ प्रपोज प्रालिको कम्पन्नीले सकार्ने व्यहोर्ने, कर दायित्व तथा नाम सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा नाम परिवर्तन गरी कर्मट्रेक्स एण्ड एडभेन्चर विथ प्रपोज प्रालि राखिएको व्यहोरा जानकारी गराइन्छ ।

# घलेगाउँमा सिनेमा संवाद

**पोखरापत्र संवाददाता**
लमजुङ, १० फागुन




चलचित्र पत्रकार संघ नेपाल कास्कीको आयोजनामा पर्यटकीय घलेगाउँमा 'सिनेमा संवाद' कार्यक्रम भएको छ। शनिबार विभिन्न चार सेसनमा विभिन्न विषयवस्तुमाथि गहन छलफल भयो।

पहिलो सेसन थियो, सिनेमामा आदिवासी र सिमान्तकृतको स्वर। जसमा गफिए निर्देशक नवीन सुब्बा, विश्लेषक विश्वभक्त दुलाल (आहुति), कलाकार एवं निर्माता आशा मगराती र लेखक विकास सुवेदी। प्रस्तुतकर्ता थिए-पत्रकार दीपक परियार। उक्त सेसनमा सिनेमामा अझै पनि आदिवासी र सीमान्तकृत समुदायको कथा अपेक्षाकृत आउन नसकेको वक्ताले बताए। उनीहरुको स्वर दबाइने गरिएको गुनासो थियो। यसको मुख्य जड भनेको जातीयमात्र नभई वर्ग व्यवस्थाले पारेको प्रभाव भएको उनीहरुले बताए। निर्देशक नवीन सुब्बाले सिनेमा बनाउनेले पनि सिनेमाको संरचनासँग सम्झौता गर्ने गरेको टिप्पणी गरे। उनले विषयवस्तुको तथ्यमा सचेत हुनुपर्ने सुझाव दिए। चलचित्रकर्मीले त समाजलाई अग्रगति दिनुपर्ने बताए। उनले सौन्दर्य मारेर यही घलेगाउँमा ठूलठूला होटल बनाउन थाल्यौं भने यसको अस्तित्व नरहने बताए। उनले नेपाली फिल्म निर्माणमा जनरा नभएको होइन, तर त्यसलाई हामीहरुले सम्बोधन गर्न नसकेको बताए।

अर्का वक्ता आहूतिले वर्गीय उत्पीडनको पक्ष नेपाली फिल्ममा अझै पनि कमजोर रुपमा प्रस्तुत भएको बताए। उनले भने, ' उत्पीडितको ज्ञानलाई अझै स्वीकार्य गरिँदैन।' उनले मूल कुरा सिनेमाको सौन्दर्यशास्त्रको कुरामा खराबै विषय पनि कसरी भनियो भन्ने भन्ने मूल मुद्दा हो भने। उनले भने, 'उत्पीडितको विषयमा सिनेमा बनाउँदा उत्पीडितहरु अज्ञानी, अशिक्षित हुन् भन्ने देखाइएको छ। उनीहरुको शिक्षालाई निर्देशकले स्वीकार्न तयार छैन। महिला सम्पूर्ण परिवारको चालकको रुपमा भए पनि मूल योगदान छोप्ने काम हुन्छ।' उनले यस वर्ष सुपरहिट फिल्म 'पूर्णबहादुरको सारंगी' मा पनि गन्धर्वहरु अशिक्षित छन् भन्ने देखाइएको टिप्पणी गरे। तर, अशिक्षित भए सारंगी कसरी बनाउँछन्, कसरी बजाउँछन् ? कसरी सुरताल जानेका हुन्छन् ? यो समाजलाई अघि बढाउन उनीहरुको ऐतिहासिक योगदान छोप्ने काम गरेको छ। कलाकार आशा मगरातीले आफू दलित समुदाय त्यो पनि महिलाबाट प्रतिनिधित्व गर्दा सुरुका दिनमा आफ्नो जातका कारण कसैले पछि पार्छ कि भन्ने डर हुने गरेको स्मरण गरिन्। तर, अहिले यो ठाउँमा आइपुगेर आवाज दिन पाउँदा निकै खुसी लागेको प्रतिक्रिया दिइन्। उनले जबसम्म आफ्नो समुदायबाट आवाज निकाल्दैनौ, तबसम्म अथेन्टिक नआउने बताइन्। उनले गरिब भन्ने बित्तिकै अत्यन्तै गरिब महिला भनेर देखाइन्छ। के त्यतिमात्र हो त ? उहाँहरुको मर्म पनि बुझेर लेख्नुपर्छ। बाहिर आउनुपर्छ, भनिन्। लेखक विकास सुवेदीले आफूले सक्रिय पत्रकारितापछि २ वर्षसम्म झोला बोकेर ६०/६२ जिल्ला घुमेको स्मरण गरे। जसमा आफू अलि बढी नजिक मधेससँग भएको बताए। 'प्रकाश' पश्चिम नेपाल घुमेरै लेखेको बताउँदै उनले भने, 'अब काठमाडौंको कोठाबाट कर्णालीको कथा लेख्न सकिँदैन। मैले देखेको कथामा कति तथ्य नजिक जाने निर्देशकको हातमा पनि हुन्छ।' अर्को सेसन थियो, सिनेमामा संगीत : कति मौलिक, कति आधुनिक ? उक्त सेसनमा गफिदैं थिए, तीन पुस्ताका कलाकार। संगीतकार शम्भुजित बास्कोटा, बसन्त सापकोटा र प्रकाश सपुत। चलचित्र पत्रकार संघ कास्कीको आयोजनामा भइराखेको सिनेमा संवादअन्तर्गत उक्त सेसनलाई रिमा विश्वकर्मा सहजीकरण गरेकी थिइन्। खासमा चलचित्र तथा गीत संगीतमा मौलिकता हराउँदै गएको आरोप बेलाबखत आइरहन्छ। पछिल्लो समय बनेका चलचित्र तथा गीत संगीत परिवारसँगै बसेर हेर्न नसकिने खालका हुन्छ। त्यहाँ प्रयोग हुने शब्द, भाषाले मौलिकता गुमाउँदै गएको देख्न सकिन्छ। पछिल्लो समय बनेका गीत संगीतले मौलिकता गुमाएका हुन् वा आधुनिकता हो ? तीसको दशकदेखि गीतसंगीतमा रहेका वरिष्ठ संगीतकार शम्भुजीत बास्कोटाले अहिलेका गीत संगीतमा प्याकेज बन्न छोडेको अनुभव सुनाए। पहिलाका कुरा अहिलेका जेनेरेसनले पनि क्यारी गर्नुपर्नेमा बास्कोटाले जोड दिए। संगीतकार वसन्त सापकोटाले संगीतको रोजाई जेनेरेशनअनुसार फरक पर्ने बताए। कथामा पनि क्यारेन्टरअनुसार गीत बनाउनुपर्छ भन्ने भाष्य बन्दै भएको उनको भनाइ छ। पहिला आउने र चलचित्रमा रिलेटेड नहुँदा गीत कालजयी हुन नसकेको सापकोटाको अनुभव छ। उनी भन्छन्, 'पहिला चाहिँ गीत सुनिन्थ्यो। चलचित्र हेर्न गएपछि त्यसैमा रिलेटेड भएर आएको हुन्थ्यो र चलचित्र चलेपछि गीत हिट हुन्थ्यो। अहिले चलचित्रभन्दा पहिला गीत आउँछ। त्यो गीत चलचित्र मै हुँदैन। नभएपछि भन्दा खेरि हाम्रो मनमा बसेन।'

प्रकाश सपुतले कथा मौलिक भए संगीत मौलिक हुन आउने बताए। 'एउटा राम्रो निर्देशकले सम्भवतः आफ्नो कथामा मिल्ने संगीत नै प्रयोग गर्छ र कथाको पृष्ठभूमि मौलिक छ भने चाहिँ त्यहाँ प्रयोग हुने संगीत पनि मौलिक नै हुन्छ,' उनले भने, 'सिनेमाले नै संगीतलाई बोक्ने भएकाले हामीले कथा निर्माणमा अल्ली बढी ध्यान दिनुपर्छ।'

चलचित्र विकास बोर्डको मापदण्डमा संगीतलाई नराखेको भन्दै उनले गुनासो पोखे। अहिलेको समय बजारमा चलेका गीतहरु मात्रै याद हुने खालको भएको कलाकार सपुत बताउँछन्। आजका दिनमा पनि धेरै सौन्दर्य गीतहरु रचना भएको सुनाउँछन्। एउटादुईटा भाइरल गीतहरुलाई मात्र हेरेर अहिलेको पुस्ताले यो गीतमात्र गर्छ। अहिले गीतहरु राम्रो छैनन्। क्षणिक छन्। अहिलेका गीतहरु आजको भोलि सेलाउँछन् भन्नेमात्र देखिन्छ। किनभने अहिलेको समय त्यस्तो छ,' उनले भने।

सिनेमा संवादको तेस्रो सेसन थियो, रिलदेखि एआईसम्म। उक्त सेसनमा थिइन्, सदाबहार अभिनेत्री करिष्मा मानन्धर। उनले टेक्नोलोजीमा धेरै फरक आएको स्मरण गर्दै विगत र वर्तमानको परिस्थितिबारे छलफल गरिन्। उनको साथमा थिए, अहिलेका पुस्तका कलाकार महेश त्रिपाठी तथा डिजाइनर एवं एनिमेटर अनिल न्यौपाने। सुव्रत न्यौपानेले गरेको सहजीकरणमा अभिनेत्री मानन्धरले एआई भनेको आत्मा नभएको फूल हो भनिन्। उनले गमलाको फूल र प्लाष्टिकको फूलको उदाहरण दिँदै त्यसरी विश्लेषण गरेकी हुन्। एआईका कारण मानिसहरुको स्मरण क्षमता कमजोर हुँदै गएको र मेहनत कम हुने गरेको बताइन्। कलाकार महेश त्रिपाठी र अर्का अनिल न्यौपानेले एआईले मानिसको क्रियाकलापमा धेरै सहजता ल्याएको भन्दै समयअनुसार आत्मसात गर्दै अघि बढ्नुपर्ने बताए। सिनेमा संवादको अन्तिम सेसनमा थिए, चलचित्र विकास बोर्ड अध्यक्ष दिनेश डिसी र चलचित्र पत्रकार संघका केन्द्रीय अध्यक्ष समीर बलामी। अन्य सेसनभन्दा लामो तर रोमाञ्चक बनेको उक्त सेसनमा सहजकर्ता पत्रकार अमृत सुवेदीले नेपाली सिनेमाको विकास हुन नसक्नुमा नीति वा नियतबारे प्रश्न गरे।

बोर्ड अध्यक्ष डिसीले बोर्डका गतिविधिबारे प्रकाश पार्दै चलचित्र ऐन, फिल्म स्टूडियो, बक्स अफिस आफ्नो तत्कालको मिसन भएको बताए। उनले २०२६ सालको चलचित्र ऐन बिस्थापित गर्दै अब छिट्टै नै चलचित्र ऐन आउने आश्वासन दिए। उनले आगामी वैशाखदेखि देशभरका हलहरुमा रियल बक्स अफिस हुने बताए। अन्तर्राष्ट्रिय अभ्यासको समेत उदाहरण दिँदै उनले नेपाली सिनेमामा बर्सेनि थोरैमात्र फिल्म सफल हुनु स्वाभाविक हो भने। उनले चलचित्रको बृहत्तर विकासमा आफू लागिपरेको बताए।

चलचित्र पत्रकार संघ अध्यक्ष समीर बलामीले संघले समग्र नेपाली चलचित्र र चलचित्र पत्रकारको हितमा काम गर्दै आएको बताए। उनले तत्काल चलचित्र ऐन पारित हुनुपर्ने आवश्यकता औंल्याए। चलचित्र पत्रकार संघ कास्कीका कावा अध्यक्ष अर्पण तिवारीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव सन्तोष बस्यालले गरेका थिए। कार्यक्रम उद्घाटनमा नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष रमेश पौडेल, संघका केन्द्रीय अध्यक्ष समीर बलामी, संघ कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देल लगायत बोलेका थिए। सिनेमा संवाद सुन्न घलेगाउँबासीको उल्लेख्य उपस्थिति थियो। संघले यसअघि कास्कीको पर्यटकीय गाउँ घान्द्रुक र सिक्लेसमा यसप्रकारको सिनेमा संवाद गरिसकेको छ।

# भू.पू. विद्यार्थी मञ्च आनन्द ज्योतिको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि. पोखरा -३१ बेगनासको पाचौं बार्षिक साधारणसभा एवं हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ।

मञ्चले शनिबार आफ्नो पाँचौ बार्षिक साधारणसभाको अवसर पारेर आनन्द ज्योति मा. बि. भित्र रहेका सदनहरु बिच मा.वि. स्तरीय अन्तर सदनात्मक हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको हो। प्रतियोगितामा सुदर्शन रानाभाट, मनिस रानाभाट, मनिस सुनार र विद्या दाहालको रातो समूह प्रथम भएको छ भने सुदिप थापा, पवन कडेल, सन्ध्या तिवारी र बिपना सापकोटाको हरियो समूहले दित्तिय स्थान प्राप्त गरेको छ। यसैगरी कन्चन सुनार, अनुराधा अधिकारी, अमृत कडेल र साजन तिवारीको निलो समूहले तृतीय स्थान हासिल गर्दा एलिना सापकोटा, सङ्गम परियार, सन्ध्या थापा र मिसन सुनारको पहेलो समुहले सान्त्वना स्थानमा चित्त बुझाएकोछ। प्रथम, दित्तिय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई मञ्चको तर्फबाट नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। यस्तै, कार्यक्रममा श्री आनन्द ज्योति मा. बाट गत बर्षको एसईई परिक्षामा सर्वोकृष्ट अङ्क प्राप्त गर्ने संकल्प पौडेल र एसएलसी परिक्षामा सर्वोकृष्ट अङ्क प्राप्त गर्ने अनिष तिवारीलाई नगद र सम्मान पत्रले सम्मान गरिएको थियो। सो अवसरमा मञ्चले संचालन गर्ने गरि अक्षयकोष स्थापनाको लागि पुर्व सल्लाहकार एवं मञ्चका आजिबन सदस्य पदमराज पौडेलको तर्फबाट ३ लाख रुपैयाँ बराबरको चेक हस्तान्तरण भएको छ। पाँचौ बार्षिक साधारणसभा एवं हाजिरीजावाफ प्रतियोगिता कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नम्बर -३१ का वडा सदस्य देबेन्द्रराज अधिकारीले भू.पू.विद्यार्थीहरुको संस्थाले स्कुललाई केन्द्रमा राखेर आयोजना गरेको यस्तो कार्यक्रमले शैक्षिक सुधारका लागि भुमिका खेल्ने बताउनुभयो।

मञ्चका संस्थापक अध्यक्ष नबराज अधिकारीले संस्था जन्मनु मात्रै ठूलो कुरा नरहेको भन्दै यसलाई चलायमान बनाईराख्नु मुख्य चुनौती हुने बताउनु भयो। मञ्चका पुर्व सल्लाहकार एवं अक्षयकोष दाता पदमराज पौडेलले मञ्चको उदेश्य आफुले अध्ययन गरेको विद्यालयको शैक्षिक सुधारका लागि पहल गर्न सकियोस भन्ने मात्रै रहेको बताउदै नयाँ पुस्ताले पनि त्यहीं अनुसार मेहनत गरिदिन आग्रह गर्नुभयो। श्री आनन्द ज्योति मा. बि. का प्रधानध्यापक शिबराज अधिकारीले मञ्चले विद्यालयलाई केन्द्रित गरेर समय समयमा विभिन्न कार्यक्रम एवं सहयोग गर्दै आएको बताउदै आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तरता दिन आग्रह गर्नुभयो। मञ्चका अध्यक्ष बिकास प्रसाद कडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बिद्यालय ब्यवस्थापन समितिका सदस्य सन्तोष अधिकारी, विद्यालयका १०+२ कार्यक्रम संयोजक शिक्षक सत्यराज कडेल, विद्यार्थी मनिस रानाभाट लगायतले बोल्नु भएको थियो।

मञ्चमा उपाध्यक्ष सुशिला अधिकारी सिग्देलले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचीव कृष्णराज आचार्यले गर्नुभएको थियो भने साधारणसभाबाट अध्यक्ष बिकास प्रसाद कडेल र कोषाध्यक्ष अर्जुन पौडेलले प्रस्तुत गरेको प्रतिबेदन सर्वसम्मत पारित भएका छन्।

# घान्द्रुक पर्यटन महोत्सव: रेन्बो होटल पोखरा र किङ्स क्लबलाई भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ स्थित घान्द्रुकमा आयोजित घान्द्रुक पर्यटन महोत्सव सम्पन्न भएको छ। घान्द्रुक पर्यटन व्यवस्थापन समितिद्धारा आयोजित घान्द्रुक पर्यटन महोत्सव फागुन ७ देखि १० गतेसम्म सञ्चालन भएको थियो।

समापन समारोहमा बोल्दै गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले नयाँपुल हुँदै घान्द्रुक आउने सडक सहज बन्दै गएकाले यहाँ आउने पर्यटक आउने र फर्किने चिन्ताको विषय भएको बताए। 'नयाँपुल हुँदै घान्द्रुक आउने सडक अहिले निर्माणधिन रहेको छ, घान्द्रुक आउने पर्यटकलाई सहज बन्दै छ, घान्द्रुक आउने सडक सहज बन्दै गर्दा यहाँ आउने पर्यटक आउने र फर्कि हाल्न चिन्ताको विषय बनेको छ, सांसद बरालले भने, 'घान्द्रुक आउने पर्यटकको बसाई लम्बाउन हामीले योजना बनाउन जरुरी छ, घान्द्रुकको परम्परागत मौलिक घर,संस्कृति जोगाउन आवश्यक छ।' घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले घान्द्रुकलाई पर्यटनको हव बनाउन समिति क्रियाशिल रहेको बताए।

'घान्द्रुकलाई पर्यटकको हव बनाउन हाम्रो समिति क्रियाशिल रहेको छ, घान्द्रुकको मौलिकता र संस्कृति नै पर्यटकहरुको रोजाई हुन्, अध्यक्ष गुरुङले भने, 'घान्द्रुकबाट देखिने आर्कषक हिमशृङ्खला र चक्रिय पदमार्गको विकास गर्न सके पर्यटकको बसाई लम्बाउन सकिन्छ भन्ने विश्वासका साथ काम गरिरहेका छौं।' यसेगरी घान्द्रुकमा सम्पन्न भएको घान्द्रुक पर्यटन महोत्सवमा आयोजित क्लबस्तरीय भलिबल प्रतियोगिताको उपाधि रेन्बो होटल पोखरा भलिबल प्रशिक्षण केन्द्रले जितेको छ।

घान्द्रुकको मेश्रम बराह माविको भलिबल कोर्टमा सम्पन्न भएको फाइनल खेलमा रेन्बो होटल पोखरा भलिबल प्रशिक्षण केन्द्रले अन्नपूर्ण युथ क्लबलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो। उपाधि जितेको रेन्बो होटल पोखरा भलिबल प्रशिक्षण केन्द्रले १ लाख २२ हजार २ सय २२ र उपविजेता भएको अन्नपूर्ण युथ क्लबले र उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गरे।

यस्तै भेन्ट्रान्सतर्फ किङ्स क्लब अफ पोखराले अन्नपूर्ण घोरेपानी घान्द्रुक जीप समितिलाई ३-० को सेटमा पराजित गर्दै उपाधि जितेको छ। उपाधि जितेको किङ्स क्लबले नगद ३० हजार र उपविजेता भएको अन्नपूर्ण घोरेपानी घान्द्रुक जीप समितिले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। यस्तै घान्द्रुक पर्यटन महोत्सवमा आयोजित बास्केटबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेशले जितेको छ। शनिबार सम्पन्न भएको फाइनल खेलमा गण्डकी प्रदेशले अन्नपूर्ण युथ क्लब किम्चेलाई ६६-५२ ले पराजित गदै उपाधि जितेको हो।

उपाधि जितेको गण्डकी प्रदेशले १ लाख २२ हजार २ सय २२ र उपविजेता भएको अन्नपूर्ण युथ क्लबले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गरे।

यस्तै शुक्रबार सम्पन्न भएको घोडा दौड प्रतियोगितामा विवेक पुन प्रथम, अविशेक गुरुङ द्धितिय र देवेन्द्र सिर्पाली तृतीय भएका थिए। उनीहरुले क्रमशः प्रथम हुनेले ६० हजार, दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गरे। यस्तै सान्तवना भएका हितमान गुरुङ र कञ्जु गुरुङले जनही ५/५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे।

घोडा दौड प्रतियोगितामा ३३ जनाले सहभागिता जनाएका थिए। कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा एकैदिन २ हजार ५ सय पर्यटकलाई राख्न सक्ने क्षमताको ६० वटा होटल र ३० वटा होमस्टे सञ्चालनमा रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए। महोत्सव अवधिभर पर्यटकलाई २० प्रतिशत छुट दिइएको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १८ मेथलाङ्ग चोकदेखि ठुलिपोखरीसम्म बाटो ढलान गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः मेथलाङ्ग चोकदेखि ठुलिपोखरीसम्म बाटो ढलान
ठेगानाः पोखरा-१८ मेथलाङ्ग टोल
योजना सम्झौता भएको मितिः २०८१/०९/२९
योजनाको काम सुरु मितिः २०८१/०९/०९
योजनाको काम सम्पन्न हुनुपर्ने मितिः २०८१/११/२९
योजनाको काम सम्पन्न भएको मितिः २०८१/११/०८
पोखरा महानगरपालिकाबाट प्राप्तः १०,००,०००
जनसहभागिताबाटः १,७८,०००
योजनाको कुल लागतः ११,७८,०००

**मेथलाङ्ग चोकदेखि ठुलिपोखरीसम्म बाटो ढलान उपभोक्ता समिति पोखरा-१८ मेथलाङ्ग टोल**


# दमौली बजारमा कालोपत्र गर्न थालियो

**पोखरापत्र संवाददाता**
दमौली, १० फागुन

मुग्लिन पोखरा सडक विस्तारअन्तर्गत तनहुँको सदरमुकाम दमौली बजारमा कालोपत्र सुरु भएको छ। मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का अधिकांश स्थानमा कालोपत्र सकिँदा लामो समयपश्चात् दमौली बजारमा कालोपत्र सुरु भएको हो।

दमौलीस्थित व्यास नगरपालिका-२ बागबजारमा शुक्रबारदेखि कालोपत्र थालिएको पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। दमौली बजारमा सडक मापदण्डभित्र रहेका घरहरु भत्काउने क्रमले तीव्रता लिएसँगै बागबजारमा कालोपत्र थालिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बागबजार टोलमा एकतर्फी कालोपत्र थालिएको छ। एकतर्फीको कालोपत्र सकिएसँगै अर्कोतर्फ कालोपत्र हुनेछ।" बागबजार क्षेत्रमा सडक नाला निर्माणसँगै कालोपत्रलाई अगाडि बढाइएको उहाँको भनाइ छ। पूर्वी खण्डमा हालसम्म ७७ दशमलव ७ प्रतिशत भौतिक प्रगति भएको छ। पूर्वी खण्डमा पर्ने ४१ दशमलव ४५ किलोमिटर दूरीमध्ये ३४ दशमलव ५ किमीमा चार लेन र ३ दशमलव १ मा दुई लेन सडक कालोपत्र भइसकेको छ। यो खण्डमा १४ वटा साना पुल निर्माण सकिएका छन्। व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलको काम करिब ६० प्रतिशत सकिएको छ। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ।